# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष
# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**लेखापरीक्षकको प्रतिदावी राय**

हामीले यसै साथ संलग्न श्री ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, थँहिटी, काठमाडौं नेपालको ३२ आषाढ, २०७९ को वित्तीय स्थितिको बिवरण र सोही मितिमा समाप्त आर्थिक वर्षको आय/व्यय हिसाब, नगद प्रवाह विवरण, र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुको (यस पछि समग्रमा वित्तीय विवरण भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छैन । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुदाँ संक्रमणकालीन व्यवस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतीकरण र खुलासाको आवश्यकता पर्दछ । नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ । उल्लेखित विषयवस्तुको सारगर्भियताका कारण, हामीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्याप्त एंव उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं । त्यसकारण नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप तयार नभएको वित्तीय विवरणहरु उपर आफ्नो राय प्रस्तुत गर्न असमर्थ छौं ।

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम राय दिन नसकेता पनि रायको आधार अनुच्छेदमा उल्लेखित कैफियतहरुले पार्ने असर बाहेक संस्थाले तयार गरेको वित्तीय विवरणले २०७९ आषाढ मसान्तको आर्थिक अवस्था तथा उक्त अवधिको नाफा नोक्सान र नगद प्रवाहले सर्वमान्य सिद्धान्त (GAAP) अनुसार समुचित तथा यथार्थ चित्रण गर्दछ ।

**रायको आधार**

यस संस्थाले नेपालमा जारी नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरूप वित्तीय विवरणहरू तयार गर्नुपर्नेमा सो बमोजिम वित्तीय विवरणहरू तयार गरेको छैन । यसरी वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार नहुँदा यसबाट वित्तीय विवरणहरूमा पर्न जाने असर अनिश्चित तथा व्यापक हुन सक्छ । हामीले लेखापरीक्षणमान अनुसार हाम्रो लेखापरीक्षण सम्पन्न गऱ्यौं । हामीले वहन गर्नु पर्ने उक्त मान अनुरूपको उत्तरदायित्व पुन: अर्को सेक्सन "वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत वर्णन गरिएको छ । हामी वित्तीय विवरणको लेखापरीक्षण गर्न सान्दर्भिक नैतिक आवश्यकताको साथै प्रोफेशनल एकाउन्टेन्टको लागि आइक्यानको ह्यान्ड बुक अन्तर्गत आचार संहिताको बमोजिम संस्थासँग स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरूका साथै अन्य नैतिक जिम्मेवारीहरू आइक्यानको प्रोफेशनल एकाउन्टेन्टको लागि नैतिक पुस्तिका अनुसार पूरा गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरूले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

सर्वमान्य सिद्धान्त (GAAP) अनुसार तयार गरिएको वित्तीय विवरणहरु लेखापरीक्षणका क्रममा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सहकारी विभागबाट जारी मापदण्ड, २०६८, एकिकृत निर्देशन, २०७९ तथा श्रम ऐन २०७४ को पालनाको सम्बन्धमा देखिएका र अन्य महत्वपूर्ण कैफियतहरु:

१. कर्जा प्रवाह गर्दा सदस्यको आवश्यकतालाई हेरी पुँजीकोषको १० प्रतिशत भन्दा बढी एउटै सदस्यलाई ऋण प्रबाह गरिएकोले संस्थाद्वारा सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन, २०७९ को निर्देशन नंम्बर च(१८) बमोजिमको प्रति सदस्य ऋण प्रवाह सिमा व्यवस्थाको पालना गरेको छैन ।

२. संस्थाले केहि सदस्यहरुलाई ऋण प्रवाह गर्दा पहिलेको ऋण चुक्ता नगरी पुन: ऋण लगानी गरेको छ ।

३. संस्थाले केहि सदस्यहरुलाई ऋण प्रवाह गर्दा तीन महिना व्यतित नहुँदै ऋण लगानी गरेको छ ।

४. संस्थाले लगभग रु. २९,१४५,६०६ आषाढ मसान्त पछि असुल भएको ब्याज रकमलाई आम्दानीमा लेखाङ्कन गरेको छ ।

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

५. सहकारी प्रवर्द्धन कोषमा रहेको रकम ऐनको दफा ७० बमोजिम सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहेको सहकारी प्रवर्द्धन कोषमा बार्षिक रुपले जम्मा गर्नुपर्नेमा त्यसो गरीएको छैन ।

६. संस्थाले संरक्षित पुँजी फिर्ता कोषबाट सदस्यलाई बितरण गरी बाँकी रहेको रकम जगेडा कोषमा लानुपर्नेमा सम्पूर्ण रकम जगेडा कोषमा लगेको छ ।

७. संस्थाको अन्य दिर्घकालिन सम्पत्ति अन्तर्गतको बिभिन्न धरौटी रकमहरु रु. ६४४,००० को यकिन हुन नसकिने दिखिन्छ ।

८. श्रम ऐन, २०७४को दफा ५३ बमोजिम प्रत्येक श्रमिको आधारभूत पारिश्रमिकको आठ दशमलव तेत्तीस प्रतिशत बराबरको रकम उपदान वापत व्यबस्था गरी निजको नाममा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्नेमा संस्थामै राखिएको छ । साथै दफा ५४ बमोजिम प्रत्येक श्रमिकको कम्तीमा वार्षिक एक लाख रुपैयाँ बराबरको औषधि उपचार बीमा गराईएको छैन । दफा १०० अनुरुप प्रत्येक प्रतिष्ठानले प्रतिष्ठानमा श्रम ऐन, नियमावली र प्रचलित कानून बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा तोकिए बमोजिम श्रम अडिट गरी सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको छैन ।

९. संस्थाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषमा दर्ता हुन तथा सो ऐनमा उल्लेख गरीएका प्राबधानहरु पालना गर्न बाँकी रहेको भएता पनि कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने गरीएको छ ।

**व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्व**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।
सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रकियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयक्त आश्वासन प्राप्त गर्न हो. र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्न हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिचितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौ । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

**अन्य कानुनी तथा नियमकारीको आवश्यकता माथिको प्रतिवेदनः**

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम् उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौ :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण, रायको आधार अनुच्छेदमा उल्लेखित कैफियतहरु बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय स्थितिको बिवरण , नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

..............................

एफ.सी.ए. दिलमान सिंह चन्द
चन्द एण्ड एसोसिएट्स्
चाटर्ड एकाउन्टेन्ट्स् ।

काठमाडौं, नेपाल
२०७९/०५/३१
UDIN : 220930CA00534uqYMP

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।

## वित्तीय स्थितिको बिवरण

### मिति २०७९।०३।३२ को

| पुंजी तथा दायित्व | अनुसूची | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|---|
| शेयर पुंजी | १ | ३९,८४४,४०० | ३४,७१३,६०० |
| कोष हिसाब | २ | ५६,४२२,९२१ | ४९,१९०,८७९ |
| वचत दायित्व | ३ | ७४३,८०८,९२५ | ८८५,११२,९९७ |
| बाह्य ऋण तथा सापटी | ४ | १५२,५९३,१५७ | - |
| पुंजीगत अनुदान | ५ | - | - |
| चालु दायित्व तथा व्यवस्था· | ६ | २८,५१४,५१३ | २०,५९७,८१७ |
| कर दायित्व | ७ | १,२८१,४४२ | १,४५७,६६१ |
| दिर्घकालिन दायित्व | ८ | - | - |
| स्थगन कर दायित्व | ९ | - | २४,९८० |
| जम्मा | | १,०२२,४६५,३५९ | ९९१,०९७,९३३ |
| | | | |
| सम्पत्ति तथा जायजेथा | | यस वर्षको (रू) | गत वर्षको (रू) |
| | | | |
| नगद मौज्दात | १० | ८४४,७५६ | १,९२८,२६५ |
| बैंक मौज्दात | ११ | ५७,१८०,८५७ | १४४,७४४,२८३ |
| लगानी हिसाब | १२ | २६०,०१५,००० | ३२८,०१५,००० |
| कर्जा तथा सापट लगानी | १३ | ६१७,५०५,२५३ | ४४४,८९८,२४१ |
| चालु सम्पत्ति | १४ | ३६,५०४,८६३ | ३६,७५८,२४४ |
| स्थिर सम्पत्ति | १५ | २५,८१६,०२७ | २६,२३४,९३२ |
| अन्य दिर्घकालिन सम्पत्ति | १६ | २४,५१८,९६८ | ८,५१८,९६८ |
| स्थगन कर सम्पत्ति | ९ | ७९,६३४ | - |
| जम्मा | | १,०२२,४६५,३५९ | ९९१,०९७,९३३ |

लेखा टिप्पणी नंम्बर १ देखि १६ सम्म र लेखा टिप्पणी नंम्बर २३ वित्तीय स्थिति बिवरणको अभिन्न अङ्ग हुन् ।

आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा ।

प्रमोद जोशी
(अध्यक्ष)

गुप्त चन्द्र पोखरेल
(सचिव)

सर्वज्ञ रत्न तुलाधर
(कोषाध्यक्ष)

एफ.सी.ए. दिलमान सिंह चन्द
चन्द एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउन्टेन्ट्स्

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

टंक प्रसाद गौतम
(संयोजक)

शशीन्द्र बहादुर प्रधान
(प्रबन्धक)

मिति: २०७९/०५/३१

## ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।

### नाफा/(नोक्सान) हिसाबको बिवरण
### श्रावन १, २०७८ देखि ३२ आषाढ २०७९ सम्मको

| आम्दानी | अनुसूची | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|---|
| बित्तीय कारोबारबाट आम्दानी/(खर्च) | | | |
| व्याज आम्दानी | १७ | ७७९७४५२७.०३ | ७८,४०८,७९७ |
| व्याज खर्च | १८ | ७७,२८०,९६६ | ८४,५२८,४१७ |
| बित्तीय कारोबारबाट खुद आम्दानी/(खर्च) | | ६९३,५६१ | (६,११९,६२०) |
| अन्य आम्दानी | १९ | ११,९२८,४५१ | ७,४०२,९७२ |
| बैंक तथा बित्तीय संस्थावाट प्राप्त ब्याज | १९ | २८,५७९,१४३ | १६,५७७,०२१ |
| कुल सञ्चालन आम्दानी | | ४१,२०१,१५५ | १७,८६०,३७४ |
| प्रशासकिय खर्च | २० | ८,४२८,४२७ | ८,२३८,७९७ |
| बैंक तथा बित्तीय संस्थामा तिरेको ब्याज | २० | ९,७५०,८५४ | – |
| ह्रासकट्टी | १५ | १,११२,१३७ | १,१८०,०९४ |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | | २१,९०९,७३७ | ८,४४१,४८३ |
| सम्भावित नोक्सानी व्यवस्था | २१ | १०,२११,३५९ | – |
| सञ्चालन मुनाफा (नोक्सानी) | | ११,६९८,३७९ | ८,४४१,४८३ |
| गैह्र सञ्चालन आम्दानी | २२ | १,००२,४५८ | ५९५,२६० |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | – | ७,१५९,४९३ |
| नियमित कारोवारबाट भएको मुनाफा (नोक्सान) | | १२,७००,८३७ | १६,१९६,२३५ |
| कर्मचारी बोनस | | १,२७०,०८४ | १,६१९,६२४ |
| कर अघिको नाफा (नोक्सान) | | ११,४३०,७५३ | १४,५७६,६१२ |
| | | | |
| आयकर खर्च | | १,१७६,८२८ | १,४९६,७९८ |
| यस बर्षको कर ब्यबस्था | ७ | १,२८१,४४२ | १,४५७,६६१ |
| यस बर्षको स्थगन कर (आम्दानी)/खर्च | | (१०४,६१४) | ३९,१३७ |
| खुद नाफा (नोक्सान) | | १०,२५३,९२५ | १३,०७९,८१४ |

लेखा टिप्पणी नंम्बर ७, १५ र लेखा टिप्पणी नंम्बर १७ देखि २३ सम्म नाफा/(नोक्सान) हिसाब बिवरणको अभिन्न अङ्ग हुन् ।

आजको मितिमा संलग्न प्रतिवेदनको आधारमा ।

प्रमोद जोशी
(अध्यक्ष)

गुप्त चन्द्र पोखरेल
(सचिव)

स[illegible] रत्न तुलाधर
(कोषाध्यक्ष)

एफ.सी.ए. दिलमान सिंह चन्द
चन्द एण्ड एसोसिएट्स्
चार्टर्ड एकाउन्टेन्ट्स्

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

टंक प्रसाद गौतम
(संयोजक)

शशीन्द्र बहादुर प्रधान
(प्रबन्धक)

ऋद्धि सिद्धि
बहुउद्देश्यीय सहकारी संस्था लि.
2063

मिति: २०७९/०५/३१

## ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।

### आ.ब. २०७८/२०७९ खुद नाफा/नोक्सानको बाडँफाडँ विवरण

| विवरण | प्रतिशत | यस आ.ब को | गत आ.ब को |
|---|---|---|---|
| गत आ.ब.को संचित मुनाफा | | - | - |
| यस आ.ब.को नाफा (नोक्सान) | | १०,२५३,९२५ | १३,०७९,८१४ |
| | | | |
| जम्मा | | १०,२५३,९२५ | १३,०७९,८१४ |
| कोषको बाँडफाँड | | | |
| साधारण जगेडा कोष | २५% | २,५६३,४८१ | ३,२६९,९५३ |
| बांकी नाफा | | ७,६९०,४४३ | ९,८०९,८६० |
| संरक्षित पुंजी फिर्ता कोष | २५% | १,९२२,६११ | २,४५२,४६५ |
| सहकारी प्रबद्धन कोष | ०.५% | ३८,४५२ | ४९,०४९ |
| बांकी नाफा | | ५,७२९,३८० | ७,३०८,३४६ |
| शेयर लाभांश कोष | ७०% | ४,०१०,५६६ | ५,११५,८४२ |
| सहकारी शिक्षा तथा तालिम कोष | ५% | २८६,४६९ | ३६५,४१७ |
| घाटा पूर्ती कोष | ५% | २८६,४६९ | ३६५,४१७ |
| संस्था विकास कोष | ५% | २८६,४६९ | ३६५,४१७ |
| डूबन्त ऋण कोष | ५% | २८६,४६९ | ३६५,४१७ |
| सहकारी संस्था स्थिरिकरण कोष | ५% | २८६,४६९ | ३६५,४१७ |
| सामुदायिक विकास कोष | ५% | २८६,४६९ | ३६५,४१७ |
| जम्मा | | १०,२५३,९२५ | १३,०७९,८१४ |
| | | | |

प्रमोद जोशी
(अध्यक्ष)

गुप्त चन्द्र पोखरेल
(सचिव)

सर्वज्ञ रत्न तुलाधर
(कोषाध्यक्ष)

एफ.सी.ए. दिलमान सिंह चन्द
चन्द एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

टंक प्रसाद गौतम
(संयोजक)

शशीन्द्र बहादुर प्रधान
(प्रबन्धक)

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३

## ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।

### नगद प्रबाह बिवरण
मिति २०७८।०४।०१ देखि २०७९।०३।३२ सम्मको

| बिवरण | | यस.आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| **सन्चालन गतिबिधिबाट नगद प्रबाह** | | | |
| कर पछिको नाफा/(नोक्सान) | | १०,२५३,९२५ | १३,०७९,८१४ |
| **समायोजन :** | | | |
| १. ह्रासकट्टी | + | १,११२,१३७ | १,१८०,०९४ |
| २. क्षयिकरण खर्च | + | - | - |
| ३. बिभिन्न कोषको समायोजन | - | (३,०२१,८८२) | (३,१८५,२४०) |
| ४. कर भुक्तानी रकम | - | (१,४५७,६६१) | (१,१६१,८६५) |
| ५. कर सम्बन्धि व्यवस्था | + | १,१७६,८२८ | १,४९६,७९८ |
| **सन्चालन गतिबिधिबाट नगद प्रबाह** | | **८,०६३,३४७** | **११,४०९,६००** |
| **चालु सम्पत्ति तथा दायित्वमा भएको परिबर्तन** | | | |
| १. निक्षेप हिसावमा बृद्धि/(कमि) | | (१४१,३०४,०७२) | १४९,८४९,९८५ |
| २. अन्य दायित्वमा तथा व्यवस्थामा बृद्धि/(कमि) | | ७,९१६,६९६ | (२,९५२,३७६) |
| ३. भुक्तानी दायित्वमा बृद्धि/(कमि) | | - | - |
| ४. लगानीमा (बृद्धि)/कमि | | ६८,०००,००० | (२४८,०००,०००) |
| ५. चालु सम्पत्तिमा (बृद्धि)/कमि | | २५३,३८१ | ५,२४०,९९४ |
| ६. सदस्यहरुमा ऋण लगानी (बृद्धि)/कमि | | (१७२,६०७,०१२) | १२४,४८८,४४० |
| ७. दिर्घकालिन सम्पत्तिमा (बृद्धि/कमि) | | (१६,०००,०००) | |
| **कुल कार्यशिल पुँजीबाट नगद प्रबाह** | | **(२५३,७४१,००७)** | **२८,६२७,०४३** |
| **कुल सन्चालन गतिबिधिबाट नगद प्रबाह (क)** | | **(२४५,६७७,६६०)** | **४०,०३६,६४३** |
| **लगानी गतिबिधिको नगद प्रबाह** | | | |
| १. स्थिर सम्पत्तिको खरीद | | (७२०,५४६) | (५२,४७५) |
| २. स्थिर सम्पत्तिको बिक्री | | २७,३१४ | - |
| ३. दिर्घकालिन सम्पत्ति(धरौटी) | | - | - |
| **कुल लगानी गतिबिधिबाट नगद प्रबाह (ख)** | | **(६९३,२३२)** | **(५२,४७५)** |
| **वित्तीय गतिबिधिबाट नगद प्रबाह** | | | |
| १.शेयर बिक्रीबाट प्राप्त रकम | | ५,१३०,८०० | ३,१५६,५०० |
| २.बाह्य ऋणमा बृद्धि/(कमि) | | १५२,५९३,१५७ | - |
| **कुल वित्तीय गतिबिधिबाट नगद प्रबाह (ग)** | | **१५७,७२३,९५७** | **३,१५६,५००** |
| **कुल गतिबिधिबाट नगद प्रबाह (क+ख+ग)** | | **(८८,६४६,९३५)** | **४३,१४०,६६८** |
| शुरु नगद तथा बैंक मौज्दात | | १४६,६७२,५४८ | १०३,५३१,८८० |
| **चालु आ.व को अन्तमा नगद तथा बैंक मौज्दात** | | **५८,०२५,६१३** | **१४६,६७२,५४८** |

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

थैंहिटी, काठमाण्डौं, नेपाल ।

## इक्युटीमा भएको परिवर्तन सम्बन्धि बिबरण आ.व.२०७८/०७९

| बिवरण | शेयर पुंजी | साधारण जगेडा कोष | संरक्षित पुंजी फिर्ता कोष | सहकारी प्रवद्धन कोष | शेयर लाभांश कोष | सहकारी शिक्षा तथा तालिम कोष | घाटा पूर्ती कोष | संस्था बिकास कोष | डूबन्त ऋण कोष | सहकारी संस्था स्थिरिकरण कोष | सामुदायिक विकास कोष | कर्मचारी बोनस कोष | कर्मचारी कल्याण कोष | संस्थागत कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०७८ श्रावण १ मा मौज्दात | ३४,७१३,६०० | ३२,६५५,३५० | २,४५२,४६५ | १७०,९८६ | ५,११५,८४२ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | १,६१९,६२४ | ३९६,८७४ | ४,५८७,२३५ | ८३,९०४,४७९ |
| लेखामा भएको परिवर्तन बाट फरक | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कूल समग्र मौज्दात | ३४,७१३,६०० | ३२,६५५,३५० | २,४५२,४६५ | १७०,९८६ | ५,११५,८४२ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | ३६५,४१७ | १,६१९,६२४ | ३९६,८७४ | ४,५८७,२३५ | ८३,९०४,४७९ |
| वितीय सम्पति मूल्याङकन मा परिवर्तन | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| पूजिगत सम्पतिको मूल्याङकन मा परिवर्तन | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| यस आ.व.को खुद बचतको बाँडफाँड तथा थप | - | २,५६३,४८१ | १,९२२,६११ | ३८,४५२ | ४,०१०,५६६ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | १,२७०,०८४ | (२४,५०३) | ४,५५१,२९५ | १६,०५०,८०१ |
| चालु आ. व. मा शेयर पुंजीमा थप घट | ५,१३०,८०० | - | - | - | - | - | - | - | - | - | - | - | - | - | ५,१३०,८०० |
| चालु आ. व. मा लगानिमा भएको परिवर्तन | - | - | - | - | - | - | - | - | - | - | | | | | |
| चालु आ. व. मा कोषमा भएको खर्च | - | - | - | - | (३,४७१,३६०) | (२५१,४१५) | - | - | - | - | (५,०००) | (१,६१९,६२४) | - | (३,४७१,३६०) | (८,८१८,७५९) |
| चालु आ. व. मा कोष रकमान्तर | - | ६,०३३,०३६ | (२,४५२,४६५) | - | (१,६४४,४८२) | (११४,००२) | (३६५,४१७) | (३६५,४१७) | (३६५,४१७) | (३६५,४१७) | (३६०,४१७) | - | - | - | (०) |
| ०७९ असार मसान्तमा मौज्दात | ३९,८४४,४०० | ४१,२५१,८६७ | १,९२२,६११ | २०९,४३८ | ४,०१०,५६६ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | २८६,४६९ | १,२७०,०८४ | ३७२,३७१ | ५,६६७,१७० | ९६,३६७,३२१ |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थहिटी, काठमाण्डौ, नेपाल ।
२०७९ आषाढ मसान्तसम्मको लेखासंग सम्वन्धित अनुसुचीहरू

शेयर पुंजी — अनुसूची १

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| ३,९८,४४४ साधारण शेयर प्रति शेयर रू. १०० को दरले | ३९,८४४,४०० | ३४,७१३,६०० |
| जम्मा | ३९,८४४,४०० | ३४,७१३,६०० |

जगेडा तथा अन्य कोष हिसाब — अनुसूची २

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| जगेडा कोष | | |
| साधारण जगेडा कोष | ४१,२५१,८६७ | ३२,६५५,३५० |
| संरक्षित पुंजी फिर्ता कोष | १,९२२,६११ | २,४५२,४६५ |
| सहकारी प्रबद्धन कोष | २०९,४३८ | १७०,९८६ |
| अन्य कोषहरू | | |
| शेयर लाभांश कोष | ४,०१०,५६६ | ५,११५,८४२ |
| सहकारी शिक्षा तथा तालिम कोष | २८६,४६९ | ३६५,४१७ |
| धाटा पुर्ती कोष | २८६,४६९ | ३६५,४१७ |
| संस्था बिकास कोष | २८६,४६९ | ३६५,४१७ |
| सामुदायिक विकास कोष | २८६,४६९ | ३६५,४१७ |
| डूबन्त कोष | २८६,४६९ | ३६५,४१७ |
| सहकारी संस्था स्थिरिकरण कोष | २८६,४६९ | ३६५,४१७ |
| कर्मचारी बोनस कोष | १,२७०,०८४ | १,६१९,६२४ |
| कर्मचारी कल्याण कोष | ३७२,३७१ | ३९६,८७४ |
| संस्थागत कोष | ५,६६७,१७० | ४,५८७,२३५ |
| जम्मा | ५६,४२२,९२१ | ४९,१९०,८७९ |

वचत दायित्व — अनुसूची ३

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| आवधिक वचत | ३२०,६५९,७४४ | ३५५,६४२,४७६ |
| आवधिक जेष्ठ नागरीक बचत | ३०४,८३२,५०० | ३३१,३४१,९२५ |
| बाल बचत | - | - |
| व्यक्तिगत बचत | ६१,२२८,०८० | ९२,५०१,०१० |
| ऋद्धि सिद्धि विशेष बचत | २,६८५,२७६ | ११,७२०,६२२ |
| क्रमिक बचत | ५,१२७,३६७ | ३,७३३,४२७ |
| नारी वचत | ४४,६८८,६९० | ८४,३९०,७२६ |
| ऋद्धि सिद्धि सुपर बचत | ३,४३६,५०९ | ४,८९४,३१३ |
| खुत्रुके बचत | १,१५०,७५९ | ८८८,४९८ |
| जम्मा | ७४३,८०८,९२५ | ८८५,११२,९९७ |

मुद्दती रसिद धितो — अनुसूची ४

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| मुक्तिनाथ विकास बैंक | ८१,०००,००० | - |
| सिटिजन्स बैंक ईनटरनेसनल | ३६,०००,००० | - |
| लुम्बिनी बिकास बैंक | ८,६१८,००० | - |
| एन. एम. बि बैंक | २६,९७५,१५७ | - |
| जम्मा | १५२,५९३,१५७ | - |

ऋद्धि सिद्धि सहकारी संस्था लि. २०६३

Chand & Associates * Chartered Accountants * Kathmandu, Nepal

## ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थहिटी, काठमाण्डौ, नेपाल ।
२०७९ आषाढ मसान्तसम्मको लेखासंग सम्वन्धित अनुसुचीहरू

चालू दायित्व — अनुसूची ६

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| आवधिक वचत ब्याज | ४,८८३,६१२ | ७,०९४,१२४ |
| साहुहरू | ३,०६९,९८७ | ४,५६८,५४८ |
| लेखापरीक्षण शूल्क | ७४,००४ | १२३,३४१ |
| बिदा व्यवस्था | २५६,९५० | ९६,९६३ |
| उपदान व्यवस्था | १,२०२,५५० | ९४४,१९६ |
| कर्मचारी बोनस दायित्व | ८७५,०२६ | |
| कर्जा जोखिम व्यवस्था | १७,३१२,६९६ | ७,१०१,३३७ |
| वचत ब्याज कर | ६५६,५३० | ५३७,०५५ |
| घरभाडा कर | १४३,००७ | १०८,००० |
| मिटिङ्ग कर | ३०,००० | १६,२०० |
| सामाजिक सुरक्षा कर | ३,१४० | ३,१३६ |
| पारिश्रमिक कर | २,५४५ | ९३९ |
| लेखापरीक्षण कर | ९९६ | १,६५९ |
| परामर्श कर | ३,४७० | २,३१९ |
| जम्मा | २८,५१४,५१३ | २०,५९७,८१७ |

कर दायित्व — अनुसूची ७

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| आयकरको व्यवस्था | १,२८१,४४२ | १,४५७,६६१ |
| जम्मा | १,२८१,४४२ | १,४५७,६६१ |

स्थगन कर — अनुसूची ९

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| स्थगन कर सम्पत्ति/(दायित्व) | ७९,६३४ | (२४,९८०) |
| जम्मा | ७९,६३४ | (२४,९८०) |

नगद मौज्दात — अनुसूची १०

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| नगद मौज्दात | ८४४,७५६ | १,९२८,२६५ |
| जम्मा | ८४४,७५६ | १,९२८,२६५ |

बैंक मौज्दात — अनुसूची ११

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| १) वाणिज्य बैंकहरू : | | |
| सिटिजन्स बैंक ईनटरनेसनल | ७,३६३,०५९ | २८,७७६,२८२ |
| नेपाल क्रेडिट एण्ड कमर्स, कलकीं | - | - |
| प्राईम बैंक लि. | ४,०५९,८७७ | ५,३५६,४०७ |
| बैंक अफ काठमाण्डौ | १३,२०१ | १३,१७२ |
| सानिमा बैंक | ४,९१६,१३४ | १०,०७२,०२६ |
| मेगा बैंक | २,१६९,६११ | १२,७२८,८५१ |
| एन. एम. बि बैंक | १,२५५,२९९ | ५,२७०,९६३ |
| कुमारी बैंक | २७,५९५,८७८ | ३४,१०४,१५५ |
| प्राईम बैंक लि. (कैलाश विकास बैंक) | - | - |
| | ४७,३७३,०५९ | ९६,३२१,८५६ |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहूउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।
२०७९ आषाढ मसान्तसम्मको लेखासंग सम्वन्धित अनूसुचीहरू

| | | |
|---|---|---|
| २) बिकास बैंकहरू : | | |
| महालक्ष्मी बिकास बैंक | १,१३६,८४७ | ९०२,१६६ |
| गरीमा बिकास बैंक | १,३१६,८७८ | १,१०१,२५५ |
| ज्योति बिकास बैंक | २,८८७,०७६ | ८,३७१,६७९ |
| मुक्तिनाथ विकास बैंक | ७८६,८७७ | १७,५७२,९४९ |
| कामना सेवा विकास बैंक | २,७३१,५५२ | १०८,४०० |
| लुम्बिनी बिकास बैंक | ८७४,१८६ | ९,७१७,९४६ |
| | ९,७३३,४१६ | ३७,७७४,३९५ |
| ३) अन्य वित्तीय संस्थाहरू : | | |
| राष्ट्रिय सहकारी बैंक | ७४,३८२ | १०,६४८,०३२ |
| | ७४,३८२ | १०,६४८,०३२ |
| **जम्मा** | ५७,१८०,८५७ | १४४,७४४,२८३ |

लगानी — अनुसूची १२

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| १) मुद्दति बचत | | |
| ज्योति बिकास बैंक | ४०,०००,००० | ४०,०००,००० |
| कुमारी बैंक | – | ६०,०००,००० |
| गरीमा बिकास बैंक | – | ६०,०००,००० |
| मुक्तिनाथ विकास बैंक | ९०,०००,००० | ३०,०००,००० |
| सिटिजन्स बैंक ईनटरनेसनल | ४०,०००,००० | ४८,०००,००० |
| लुम्बिनी बिकास बैंक | २०,०००,००० | ५०,०००,००० |
| प्राईम बैंक लि. | – | ४०,०००,००० |
| सानिमा बैंक | २०,०००,००० | |
| एन. एम. बि बैंक | ३०,०००,००० | |
| मेगा बैंक | २०,०००,००० | |
| कामना सेवा विकास बैंक | – | – |
| २) शेयर खरिद | | |
| राट्रिय सहकारी बैंक | १०,००० | १०,००० |
| जिल्ला सहकारी संघ | ५,००० | ५,००० |
| **जम्मा** | २६०,०१५,००० | ३२८,०१५,००० |

कर्जा तथा सापटी — अनुसूची १३

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| आवधिक वचत कर्जा | २०,२४०,३७३ | २७,६९३,९५९ |
| ब्यक्तिगत कर्जा | ५६९,७७८,२८९ | ४०९,००८,८४८ |
| ब्यक्तिगत जमानी कर्जा | २,१७५,३९७ | ४,५६२,९८० |
| कर्मचारी कर्जा | ३६,०६७ | ८०,४४० |
| हायर पर्चेस कर्जा | १४३,०५३ | १७७,०१४ |
| छोटो अवधि कर्जा | २५,१३२,०७४ | ३,३७५,००० |
| **जम्मा** | ६१७,५०५,२५३ | ४४४,८९८,२४१ |

चालु सम्पत्ती — अनुसूची १४

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| पाउनुपर्ने भ्याट | १९६,५७५ | १९६,५७५ |
| अग्रिम बिमा तथा मर्मत | ३०४,५७४ | २८९,३६२ |
| सन्ड्री डेबिटर्स | ४१८,९७४ | ६०९,७३३ |
| कर्जामा पाउनु पर्ने बांकी व्याज | ४६,५८१,५३८ | ४२,८०६,८०३ |
| न्युन: व्याज मूल्तवी | (१७,४३५,९३२) | (१०,७५३,८९०) |
| अग्रिम भूक्तानी | १३,७९३ | १३,७९३ |
| अग्रिम आयकर | ६,४२५,३४१ | ३,५९५,८६८ |
| **जम्मा** | ३६,५०४,८६३ | ३६,७५८,२४४ |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

थँहिटी, काठमाण्डौ, नेपाल ।

स्थिर सम्पत्ति

अनुसूची १५

| सि.न. | समुह | विवरण | परल मुल्य | यस आ.ब.को अन्तमा जम्मा मुल्य | ह्रासकट्टी प्रतिशत | जम्मा ह्रास कट्टी | यस आ.ब. को खुद बांकी मुल्य | गत आ.ब. को खुद बांकी मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | | जग्गा | ११,६९७,४४० | ११,६९७,४४० | | - | ११,६९७,४४० | ११,६९७,४४० |
| २ | क | भवन | १४,७९२,३१३ | १४,७९२,३१३ | ०.०५ | २,६३८,७०२ | १२,१५३,६११ | १२,७९३,२७४ |
| ३ | ख | फर्निचर तथा पार्टिशन | १,४७२,२४२ | १,४७२,२४२ | ०.२५ | १,१५७,०६१ | ३१५,१८० | ४२०,२४१ |
| ४ | ग | सवारी साधन (मोटरसाईकल) | १,२८४,६३१ | १,५४९,१३१ | ०.२० | ८८६,०१२ | ६६३,११९ | ३२७,९०९ |
| ५ | ग | सवारी साधन (कार) | १,६२६,२७० | १,६२६,२७० | ०.२० | १,३०७,९५३ | ३१८,३१७ | ३९७,८९६ |
| ६ | ख | कम्प्युटर तथा प्रिन्टर | ८४७,३७३ | ९८५,७९८ | ०.२५ | ७७०,५१२ | २१५,२८६ | १४३,२०९ |
| ७ | ख | कार्यालय सामान | १,१९८,३०५ | १,३४२,५२६ | ०.२५ | ९७५,५३४ | ३६६,९९३ | ३४०,१८९ |
| ८ | घ | सफट्वेयर | २२९,३०० | २२९,३०० | ०.२५ | १४३,२१९ | ८६,०८१ | ११४,७७५ |
| | | | - | - | | | - | - |
| | | जम्मा | ३३,१४७,८७४ | ३३,६९५,०२० | | ७,८७८,९९३ | २५,८१६,०२७ | २६,२३४,९३२ |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।
२०७९ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धित अनुसूचीहरू

अन्य दिर्घकालिन सम्पत्ति — अनुसूची १६

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| टेलिफोन संचार | ९,००० | ९,००० |
| उदयपुर सिमेन्ट | १२५,००० | १२५,००० |
| हेटौंडा सिमेन्ट | ५००,००० | ५००,००० |
| एसएमएस जम्मा | १०,००० | १०,००० |
| गैर बैंकिग सम्पत्ति | २३,८७४,९६८ | ७,८७४,९६८ |
| **जम्मा** | २४,५१८,९६८ | ८,५१८,९६८ |

ब्याज आम्दानी — अनुसूची १७

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| आवधिक बचत रसिद धितोमा कर्जा ब्याज | २,९३५,९२८ | २,५२१,५५४ |
| व्यक्तिगत कर्जा ब्याज | ७१,०९२,८३१ | ६९,६६७,१०९ |
| व्यक्तिगत जमानी कर्जा ब्याज | ४२३,२६४ | १,१०८,१६९ |
| हायर पर्चेज कर्जा ब्याज | ५,३२५ | ९,१२० |
| छोटो अवधि कर्जा | ३,४९८,१७० | ५,०६६,२७४ |
| कर्मचारी कर्जा ब्याज | १९,००८ | ३६,५७० |
| **जम्मा** | ७७,९७४,५२७ | ७८,४०८,७९७ |

ब्याज खर्च — अनुसूची १८

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| **१) आवधिक निक्षेप बचत ब्याज** | | |
| *आवधिक निक्षेप बचत ब्याज खर्च* | ३४,८५५,८२७ | ४१,२२७,५२९ |
| *जेष्ठ नागरीक आवधिक निक्षेप ब्याज खर्च* | ३३,६०३,०६२ | ३४,५३५,५९१ |
| **२) बचत ब्याज खर्च** | | |
| *व्यक्तिगत बचत ब्याज* | ४,०७१,७५६ | ३,९६८,६६० |
| *ऋद्धि सिद्धि बचत ब्याज* | ४५७,९३६ | ६०८,८६९ |
| *क्रमिक बचत ब्याज* | ४३५,६६१ | २४१,०६० |
| *व्यापार बचत ब्याज* | ३,५६७ | ३,२९४ |
| *साधारण बचत ब्याज* | ६,९७३ | १०,१०० |
| *नारी बचत ब्याज* | ३,४७९,३६७ | ३,६०५,०५६ |
| *ऋद्धि सिद्धि सुपर बचत ब्याज* | २९४,६२२ | २५२,५३० |
| *खुत्रुके बचत ब्याज* | ७२,१९५ | ७५,७२८ |
| **जम्मा** | ७७,२८०,९६६ | ८४,५२८,४१७ |

अन्य आम्दानी — अनुसूची १९

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| *कर्जाको जरिवाना* | ५,९६२,४८० | ४,८८३,६०८ |
| *बैंक तथा वित्तीय संस्थाहरू बाट प्राप्त ब्याज* | २८,५७९,१४३ | १६,५७७,०२१ |
| सेवा शुल्क | ४,२९८,२९५ | २,२३४,५१० |
| लाभांश आम्दानी | १,५०० | १,५०० |
| पेटनोरेज फन्ड आम्दानी | - | - |
| अन्य आम्दानी | १,६६६,१७६ | ७,४४२,८४७ |
| **जम्मा** | ४०,५०७,५९४ | ३१,१३९,४८६ |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि.
२०६३

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।
२०७९ आषाढ मसान्तसम्मको लेखासंग सम्वन्धित अनुसुचीहरू

प्रशासकिय खर्च

अनुसूची २०

| विवरण | यस वर्षको (रू) | गत वर्षको (रू) |
|---|---|---|
| **कर्मचारी खर्च** | | |
| तलब तथा भत्ता खर्च | ३,२७४,३७० | २,८१६,१२० |
| संचय कोष | ३२०,७०९ | २८१,४६७ |
| दशैं खर्च | २६२,०९३ | २१०,९९९ |
| बिदा खर्च | १६९,७८८ | ८२,८५४ |
| यातायात सुविधा खर्च | ७२,००० | ४८,००० |
| संचार सुविधा खर्च | ४५,७८५ | ४७,२२० |
| उपदान खर्च | २५८,३५४ | ९४४,१९६ |
| **कार्यालय संचालन खर्च** | | |
| बिजुली खर्च | १७८,५९१ | ७६,७२९ |
| बिमा खर्च | १७२,८८६ | १४६,२८५ |
| टेलिफोन र फ्याक्स | ४८,९७९ | ५०,४७३ |
| मसलन्द तथा छपाई | १७३,५५७ | १२९,८६५ |
| पत्रपत्रिका खर्च | ३,९२८ | ११,८३८ |
| विज्ञापन खर्च | - | ८,१३६ |
| बैंक कमिशन र व्याज | ९,७५०,८५४ | १०,३४५ |
| अतिथि सत्कार खर्च | २०,०६२ | १४,११५ |
| कार्यालय खाजा | ६७,२६३ | ८३,१९९ |
| सफ्टवेयर मेन्टेनेन्स् | १०६,६२६ | ९६,४५६ |
| पानी खर्च | ११,९६० | ९,९३० |
| दर्ता तथा नविकरण | ४८,३४७ | ७०,१८० |
| क्यालेण्डर खर्च | १३१,५६० | ८७,०१० |
| कर खर्च | ३२३,११२ | ६,७३६ |
| भिपिएस र एनकलाउड स्टोरेज | ६७,८०० | ६७,८०० |
| दान खर्च | ३,००० | ५,००० |
| क्षेत्र भ्रमण खर्च | - | १९,००० |
| एसएमएस अर्लट खर्च | ८९,९९९ | ४०,००१ |
| धितो मुल्यांकन निरिक्षण खर्च | १७०,७५८ | ९०,७७३ |
| कानुनी खर्च | ११,००० | ११३,५०० |
| अन्य खर्च | ८१,०९७ | १६,८०९ |
| स्वास्थ्य खर्च | - | १२०,००० |
| इन्धन खर्च | ८९,५६५ | ५७,०५० |
| यातायात खर्च | २७५ | ३८० |
| पुजा खर्च | ९२,९५९ | १२२,९९९ |
| सर सफाई खर्च | १२,०२० | ८,९१० |
| नोटिस खर्च | ८,५७७ | ६,५०९ |
| लेखापरीक्षण शूल्क | ७५,००० | १७५,००० |
| लेखापरीक्षण खाजा खर्च | १५,९४१ | १३,३०५ |
| **मर्मत तथा संभार खर्च** | | |
| सवारी मर्मत तथा संभार खर्च | ३३,१४० | १३,२९० |
| कार्यालय सामान मर्मत तथा संभार खर्च | २७,०५० | ५०९ |
| कार्यालय भवन मर्मत तथा संभार खर्च | २१०,५१२ | १७०,२३३ |
| **संचालन खर्च** | | |
| साधारण सभा खर्च | ७७६,८७५ | ७५१,११५ |
| संचालक समिति भत्ता खर्च | ३४५,००० | ४३६,५०० |
| संचालक समिति तथा अन्य समिति खाजा खर्च | २८,८८९ | १९,३६१ |
| संचालन खर्च (सदस्य प्रवद्धन खर्च) | ५९८,००० | ७४८,५०० |
| **जम्मा** | **१८,१७९,२८१** | **८,२३८,७९७** |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।
२०७९ आषाढ मसान्तसम्मको लेखासंग सम्वन्धित अनूसुचीहरू

कर्जा नोक्सानी व्यवस्था खर्च

लेखा टिप्पणी २१

| शिर्षक | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| ऋण जोखिम व्यवस्था खर्च | १०,२११,३५९ | - |
| जम्मा | १०,२११,३५९ | - |

गैह्र सञ्चालन आम्दानी

लेखा टिप्पणी २२

| शिर्षक | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| भाडा र बिजुली आम्दानी | १,००२,४५८ | ५९५,२६० |
| जम्मा | १,००२,४५८ | ५९५,२६० |

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि
बहुउद्देश्यीय सहकारी संस्था लि.
२०६३

ऋद्धि सिद्धि बहूउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।
कर्जा नोक्सानी व्यवस्था
आ.ब. २०७८.०७९

लेखा टिप्पणी २१

| कर्जाको वर्गीकरण | लगानीमा रहेको ऋण | व्यवस्था दर | व्यवस्था रकम रु |
|---|---|---|---|
| असल ऋण | ५८८,१३९,८०६ | १% | ५,८८१,३९८ |
| १ बर्षसम्म भाखा नाघेको | २७,५९१,००० | ३५% | ९,६५६,८५० |
| १ बर्षभन्दा बढी भाखा नाघेको | १,७७४,४४८ | १००% | १,७७४,४४८ |
| जम्मा (क) | २०६,०५६,०८० | | १७,३१२,६९६ |
| गत ब्रर्षको कर्जा नोक्सानी व्यवस्था रकम रु. | | | ७,१०१,३३७ |
| यस वर्षको थप व्यवस्था रकम रु. | | | १०,२११,३५९ |
| यस वर्षको जोखिम व्यवस्थाबाट आम्दानी रु. | | | - |
| जम्मा रु. | | | १७,३१२,६९६ |

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौं, नेपाल ।
पर्ल्स प्रतिवेदन २०७९।०३।३२ सम्मको

| Indicators (सुचकहरु) | | | लक्ष्य | कायम रहेको अंक | आधार अंक | नतिजा |
|---|---|---|---|---|---|---|
| PROTECTION | P1 | Allowance for Loan Losses / Delinquency >12 months<br>१२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | १,७७४,४४८ | १,७७४,४४८ | १००% |
| | P2 | Net Allowance for Loan Losses / Delinquency upto 12 months<br>१२ महिना सम्म भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | ९,६५६,८५० | २७,५९१,००० | ३५% |
| | P2x | Net Allowance for Good Loan<br>असल ऋणको लागि अतिरिक्त व्यवस्था | १% | ५,८८१,३९८ | ५८८,१३९,८०६ | १% |
| EFFECTIVE FINANCIAL STRUCTURE | E1 | Net Loans/Total Assets<br>कूल सम्पत्तीको अनुपातमा शुद्ध ऋण | ७०-८०% | ६००,१९२,५५८ | १,०२२,४६५,३५९ | ५८.७० |
| | E5 | Savings Deposits / Total Assets<br>कूल सम्पत्तीको अनुपातमा बचत | ७०-८०% | ७४३,८०८,९२५ | १,०२२,४६५,३५९ | ७२.७५ |
| | E6 | External Credit / Total Assets<br>कूल सम्पत्तिको अनुपातमा वाह्य ऋण | Max ५% | १५२,५९३,१५७ | १,०२२,४६५,३५९ | १४.९२ |
| | E7 | Member Share Capital / Total Assets<br>कूल सम्पत्तिको अनुपातमा शेयर | Max २०% | ३९,८४४,४०० | १,०२२,४६५,३५९ | ३.९० |
| | E9 | Net Institutional Capital/ Total Assets<br>कूल सम्पत्तीको अनुपातमा शुद्ध संस्थागत पूँजी | Min १०% | ४२,९७०,६८१ | १,०२२,४६५,३५९ | ४.२० |
| ASSET QUALITY | A1 | Total Loan Delinquency / Gross Loan Portfolio<br>कूल ऋणको अनुपातमा भाखा नाघेको ऋण | <५% | २९,३६५,४४८ | ६१७,५०५,२५४ | ४.७६ |
| | A2 | Non-Earning Assets / Total Assets<br>कूल सम्पत्तिको अनुपातमा नकमाउने सम्पत्तिको प्रतिशत | <५% | २६,६६०,७८३ | १,०२२,४६५,३५९ | २.६१ |
| RATES OF RETURN & COSTS | R7 | Share Dividend in Average Shares<br>औषत शेयरमा शेयर लाभांश | बजारदर भन्दा बढी >= R5 | ४,०१०,५६६ | ३७,२७९,००० | १०.७६ |
| | R9 | Total Operating Expenses / Avg. Total Assets<br>औषत कूल सम्पत्तिको अनुपातमा सञ्चालन खर्च | <=५% | ९,५४०,५६४ | १,००६,७८१,६४६ | ०.९५ |
| LIQUIDITY | L1 | Liquidity in Total Saving Ratio<br>जम्मा बचतको अनुपातमा तरलता | Min (10 - 15)% | १५५,४३२,४५६ | ७४३,८०८,९२५ | २०.९० |
| | L3 | Non-Earning Liquid Assets / Total Asset<br>जम्मा सम्पत्तिको अनुपातमा नकमाउने तरल सम्पति | <1% | ८४४,७५६ | १,०२२,४६५,३५९ | ०.०८ |
| SIGNS OF GROWTH | S1 | Growth in total loan<br>ऋण लगानीमा बृद्धिदर | मुद्रा स्फिती भन्दा बढी | १७२,६०७,०१२ | ४४४,८९८,२४१ | ३८.८० |
| | S5 | Growth in Total Saving<br>जम्मा बचत बृद्धिदर | मुद्रा स्फिती भन्दा बढी | (१४१,३०४,०७२) | ८८५,११२,९९७ | -१५.९६ |
| | S9 | Growth in Net Institutional<br>शुद्ध संस्थागत बृद्धिदर | मुद्रा स्फिती भन्दा बढी | ८,५१७,५६९ | ३३,०२०,७६७ | २५.७९ |
| | S10 | Growth In Membership<br>वार्षिक सदस्यता बृद्धि दर | Minimum 15% | १०९ | १,९२८ | ५.६५ |
| | S11 | Growth in Total Assets<br>जम्मा सम्पत्तिमा वार्षिक वृद्धि दर | >Inflation + 10% | ३१,३६७,४२५ | ९९१,०९७,९३३ | ३.१६ |

Chand & Associates * Chartered Accountants * Kathmandu, Nepal *

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

थँहिटी, काठमाण्डौ, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

## क. प्रमुख लेखा नीतिहरु :

### १. सामान्य जानकारी :

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड नेपालमा स्थापित सीमित दायित्व भएको सहकारी संस्था हो । यो सहकारी संस्था सहकारी ऐन २०४८, दफा ५ बमोजिम भेडासिङ्ग, काठमाण्डौंमा दर्ता भएको हो । डिभिजन सहकारी कार्यालय काठमाण्डौंमा २०६३ मा दर्ता भए पनि, संस्थाको कारोबार बैशाख, २०६६ मा सुचारु भएको थियो । संस्थाले काठमाण्डौं महानगरपालिका भित्र पर्ने सबैं वडा लाई अधिकार क्षेत्र बनाउने स्वीकृति डिभिजन सहकारी कार्यालयबाट लिएको छ । यस संस्थामा हाल कार्यरत कर्मचारी १२ जना छन् ।

### २. वित्तीय विवरण प्रस्तुतीकरणको आधार :

प्रस्तुत लेखा नीतिहरुमा अन्यथा उल्लेख भएका अवस्थाहरु बाहेक संस्थाको आर्थिक कारोबारहरूको लेखा लेखाको सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन, नियम तथा सहकारी विभागबाट जारी निर्देशनहरूको अधिनमा रही तयार पारिएको छ ।

संस्थाको आर्थिक विवरणहरु ऐतिहासिक मूल्य (Historical Cost) को आधारमा तयार गरीएको छ ।

### ३. लेखाका आधारहरु :

संस्थाबाट लागानी गरिएकोका रकममा व्याज हिसाब गर्दा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ ।

वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन् । ती विवरणहरुमा अन्यथा उल्लेख गरिएकोमा बाहेक प्रोदभावी (Accural) आधारमा तयार पारिएका छन् । कर्जा सापटीको व्याज नगद आधार (Cash Basis) मा आम्दानी जनाइको छ ।

संस्थाको अन्य बैंक, वित्तीय संघ संस्थाहरुको निक्षेपमा लगानी गरी प्राप्त ब्याजको श्रोतमा कट्टी भएको कर रकमहरुलाई अग्रिम कर दाखिला मानी सम्पूर्ण ब्याज रकमलाई आम्दानी जनाइएको छ ।

### ४. स्थिर सम्पत्तिमा ह्रास कट्टी :

स्थिर सम्पत्तिलाई ऐतिहासिक मूल्य अवधारणा अनुरुप लेखांकन गरिएको छ ।

स्थिर सम्पत्तिमा आयकर ऐन, २०५८ अनुसार घट्दो ह्रास प्रणाली तथा ऐनमा तोकिएको दरमा हासकट्टी गरी नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको छ ।

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

विभिन्न सम्पत्तिमा निम्नलिखित दरमा ह्रास कट्टी गर्ने गरिएको छ ।

| सम्पत्ति | हास कट्टी दर ( प्रतिशत) |
|---|---|
| भवन | ५% |
| फर्निचर तथा पार्टिशन | २५% |
| सवारी साधन (मोटरसाईकल) | २०% |
| सवारी साधन (कार) | २०% |
| कम्प्युटर तथा प्रिन्टर | २५% |
| कार्यालय सामान | २५% |
| सफट्वेयर | २५% |

**५. खर्च लेखांकन आधार :**

संस्थाको निक्षेपमा ब्याज खर्च, प्रशासनिक खर्च तथा जोखिम कोष व्यवस्था खर्च हिसाब गर्दा ३६५ दिनलाई एक वर्ष व्यवस्था गरिएको छ ।

सर्म्पूण खर्च रकमलाई प्रोदभावी आधार (Accural basis) मा खर्च जनाइएको छ ।

**६. कर्जा लगानी नीति/नोक्सानी व्यवस्था र लगानी नीति :**

कर्जा लगानी नीति तथा कर्जा नोक्सानी व्यवस्था :

**क.** संस्थाले ऋण तथा असुली सम्बन्धी नीति अनुसार कर्जा लगानी गर्ने गरेको छ । कर्जा लगानी गर्दा धितो राखी र सामुहिक जमानीमा लगानी गर्ने गरिएको छ ।

**ख.** सहकारी विभागबाट जारी मापदण्ड अनुसार भाखा ननाघेको असल ऋणमा १ प्रतिशत, एक वर्षसम्मको भाखा नाघेको शंकास्पद ऋणमा ३५ प्रतिशत र एक वर्ष भन्दा वढी भाखा नाघको खराब ऋणमा १०० प्रतिशत सम्भावित कर्जा नोक्सानी बापत व्यवस्था गर्ने नीति लिएको छ ।

**ग.** गत वर्ष जम्मा कर्जा नोक्सानी व्यवस्था रु. ७,१०१,३३७ लेखाङ्कन गरिएकोमा यस वर्ष थप रु. १०,२११,३५९ भई यस वष कर्जा नोक्सानी व्यवस्था जम्मा रु. १७,३१२,६९६ पुगेको छ ।

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

थँहिटी, काठमाण्डौं, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

| कर्जाको वर्गीकरण | लगानीमा रहेको ऋण रकम | व्यवस्था प्रतिशत | व्यवस्था रकम रु. |
|---|---|---|---|
| भाखा ननाघेको | ५८८,१३९,८०६ | १% | ५,८८१,३९८ |
| १ बर्षसम्म भाखा नाघेको | २७,५९१,००० | ३५% | ९,६५६,८५० |
| १ बर्षभन्दा बढी भाखा नाघेको | १,७७४,४४८ | १००% | १,७७४,४४८ |
| **जम्मा** | ६१७,५०५,२५४ | | १७,३१२,६९६ |
| गत वर्षको कर्जा नोक्सानी व्यवस्था रकम रु. | | | ७,१०१,३३७ |
| यस वर्षको थप व्यवस्था रकम रु. | | | १०,२११,३५९ |
| यस वर्षको जोखिम व्यवस्थाबाट आम्दानी रु. | | | |
| **जम्मा रु.** | | | १७,३१२,६९६ |

लगानी नीति :

विभिन्न संघ संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ ।

**७. ब्याज खर्च तथा ब्याज आम्दानीको लेखांकन :**

ब्याज दिनुपर्ने बचत (निक्षेप) खाताहरुमा ब्याज दिदा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ ।

कर्जामा पाकेको ब्याज आम्दानीलाई सहकारी मापदण्ड अनुरुप प्राप्तिको आधार (Cash Basis) मा लेखांकन गरिएको छ ।

निक्षेप दायित्वमा दिईने ब्याज खर्च प्रोदभावी आधारमा (Accrual Basis) खर्च लेख्ने गरिएको छ ।

**८. आयकर व्यवस्था :**

आयकर ऐन, २०५८ अनुसूची-१ (करका दरहरू) बुँदा २(३)(ग) बमोजिम सहकारी ऐन, २०७४ बमोजिम महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएको तथा कर छुट हुने कारोबार बाहेकको कारोबार गरेको हुँदा दश प्रतिशतका दरले कर लाग्ने व्यवस्था भएअनुसार आ.ब. २०७८/७९ को खुद कर योग्य नाफाको १० का दरले आयकर व्यवस्था गर्ने निति अपनाईएको छ ।

**९. कर्मचारी बोनस व्यवस्था :**

सहकारी नियमावली २०७५, को नियम २७ बमोजिम अन्य कोष सम्बन्धी व्यवस्थामा सरकारी संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत रकम ऐनको दफा ६८ वमोजिम जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई १०० प्रतिशत मानि सो बाँकी रकमको कम्तीमा २५ प्रतिशत रकम ऐनको दफा ६९ बमोजिम संरक्षित पुंजी फिर्ता कोष र ०.५ प्रतिशत ले हुन आउने रकम ऐनको दफा ७० बमोजिम सहकारी प्रबर्द्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी कर्मचारी बोनस कोषमा कम्तीमा ५ प्रतिशत रकमको व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा संस्थाले बोनस ऐन, २०३० को दफा ५ बमोजिम खुद नाफाको १० प्रतिशत रकम कर्मचारी बोनसका लागि छुट्याउनुपर्ने व्यवस्था बमोजिम कर्मचारी बोनसको व्यवस्था गरी उक्त रकमलाई कर्मचारी बोनस कोषमा सारी बितरण गर्ने गरेको छ ।

**१०. बचत रकमलाई विभिन्न कोषमा बाँडफाँड नीति :**

क. सहकारी ऐन २०७४ अनुसार जगेडा कोष, संरक्षित पुंजी फिर्ता कोष र सहकारी प्रबर्द्धन कोषमा सार्ने निति रहेको छ ।

ऋद्धि सिद्धि ... २०६३

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौं, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

**ख**) माथि (क) मा उल्लेखित कोषमा रकम सारीसकेपछि बाँकी रकम सहकारीको नियमावली २०७५ अनुसारको कोषमा सार्ने नीति रहेको छ ।

**ख. लेखा सम्बन्धी टिप्पणीहरु :**

**१. आयकर व्यवस्था :**

संस्थाले खुद नाफाको १० प्रतिशतले हुन आउने रकम आयकर व्यवस्था गरेको छ । कर लेखापरिक्षण पश्चात् आयकर व्यवस्था फरक हुनसक्ने छ ।

**२. शेयर पुँजी :**

गत वर्ष शेयर पुँजी रु. ३,४७१३,६०० रहेकोमा यस वर्ष कुल शेयर पुँजी रु. ५,१३०,८०० संकलन भई यस आ.व.को अन्त्य सम्ममा रु.३९,८४४,४०० पुगेको छ ।

**३. बचत तथा निक्षेप दायित्व :**

**क.** गत वर्ष बचत तथा निक्षेप दायित्व रु. ८८५,११२,९९७ रहेकोमा यस वर्ष कुल बचत तथा निक्षेप दायित्व रु. १४१,३०४,०७२ फिर्ता भई यस आ.व.को अन्त्य सम्ममा रु.७४३,८०८,९२५ पुगेको छ ।

**ख.** बचत तथा निक्षेप दायित्व बिवरण :

| शिर्षक | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| आवधिक बचत | ३२०,६५९,७४४ | ३५५,६४२,४७६ |
| आवधिक जेष्ठ नागरीक बचत | ३०४,८३२,५०० | ३३१,३४१,९२५ |
| ब्यक्तिगत बचत | ६१,२२८,०८० | ९२,५०१,०१० |
| ऋद्धि सिद्धि विशेष बचत | २,६८५,२७६ | ११,७२०,६२२ |
| क्रमिक बचत | ५,१२७,३६७ | ३,७३३,४२७ |
| नारी बचत | ४४,६८८,६९० | ८४,३९०,७२६ |
| ऋद्धि सिद्धि सूपर बचत | ३,४३६,५०९ | ४,८९४,३१३ |
| खूत्रूके बचत | १,१५०,७५९ | ८८८,४९८ |
| **जम्मा** | ७४३,८०८,९२५ | ८८५,११२,९९७ |

**४. जगेडा कोष तथा अन्य कोषहरु :**

यस आर्थिक वर्ष २०७८/७९ मा जगेडा कोष तथा अन्य कोषमा निम्नानुसारको रकम सारिएको छ ।

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

थहिटी, काठमाण्डौं, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

**क) जगेडा कोष :**

सहकारी ऐन, २०७४ को दफा ६८(२)(क) अनुसार यस आ.ब को खुद बचत रकम रु. १०,२५३,९२५ को २५ प्रतिशतले हुन आउने रकम रु. २,५६३,४८१ जगेडा कोषमा सारिएको छ ।

गत बर्षको बिभिन्न कोषमा रहेको रकम मध्ये खर्च तथा बितरण गरी बाँकी रहेको रकम सहकारी संस्थाको बिनियममा व्यबस्था भए बमोजिम साधारण सभाको निर्णय अनुसार रु.६,२९५,५४४ जगेडा कोषमा सारिएको छ । गत बर्ष सम्मको जगेडा कोष रु.३२,६५५,३५० मा यस बर्षको खुद बचत रकमबाट सारिएको रु. २,५६३,४८१ र अन्य कोषबाट सारिएको रु.६,२९५,५४४ गरी २०७९ आषाढ मसान्तमा जगेडा कोषको रकम रु.४१,२५१,८६७ पुगेको छ ।

**ख) संरक्षित पुंजी फिर्ता कोष :**

सहकारी ऐन, २०७४ को दफा ६९(२) अनुसार यस आ.बको खुद बचत रकमबाट दफा ६८(२)(क) अनुसार जगेडा कोषमा रकम सारेपछि बाँकी रकमको २५ प्रतिशतले हुने रकम रु.१,९२२,६११ संरक्षित पुंजी फिर्ता कोषमा सारिएको छ । गत बर्ष सम्म संरक्षित पुंजी फिर्ता कोषमा रहेको रकम रु.२,४५२,४६५ मध्ये सम्पूर्ण रकम रु. २,४५२,४६५ जगेडा कोषमा सारिएको छ ।

**ग) सहकारी प्रवर्द्धन कोष :**

सहकारी ऐन २०७४ को दफा ७०(२) अनुसार यस आ.बको खुद बचत रकमबाट दफा ६८(२)(क) अनुसार जगेडा कोष र दफा ६९(२) अनुसार संरक्षित पुंजी फिर्ता कोष मा रकम सारेपछि बाँकी रकमको ०.५ प्रतिशतले हुन आउने रकम रु ३८,३५३ सहकारी प्रवर्द्धन कोषमा सारिएको छ । गत बर्ष सम्मको सहकारी प्रवर्द्धन कोष रु.१७०,९८६ मा यस बर्षको खुद बचत रकमबाट सारिएको रु. ३८,४५२ गरी २०७९ आषाढ मसान्तमा सहकारी प्रवर्द्धन कोषको रकम रु. २०९,९५८ पुगेको छ ।

**घ) अन्य कोषहरु :**

यस आ.ब. को बचत रकमबाट सहकारी ऐन, २०७४ को दफा दफा ६८(२)(क) अनुसार जगेडा कोष, दफा ६९(२) अनुसार संरक्षित पुंजी फिर्ता कोष तथा ७०(२) अनुसार सहकारी प्रवर्द्धन कोषमा रकम सारेपछि बाँकी रकम रु. ५,७२९,३८० संस्थाको सञ्चालक समीतिको निर्णयानुसार निम्न प्रतिशतले अन्य कोषमा बाँडफाँड गरिएको छ ।

| अन्य कोषहरु | प्रतिशत | रकम |
|---|---|---|
| शेयर लाभांश कोष | ७०% | ४,०१०,५६६ |
| सहकारी शिक्षा तथा तालिम कोष | ५% | २८६,४६९ |
| घाटा पूर्ती कोष | ५% | २८६,४६९ |
| संस्था बिकास कोष | ५% | २८६,४६९ |
| डूबन्त ऋण कोष | ५% | २८६,४६९ |
| सहकारी संस्था स्थिरिकरण कोष | ५% | २८६,४६९ |
| सामुदायिक विकास कोष | ५% | २८६,४६९ |
| **जम्मा :** | १००% | ५,७२९,३८० |

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौं, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

**५. कर्जा तथा सापटी :**

**क.** संस्थाको संचालक समिति, लेखा समिति, ऋण उपसमितिका पदाधिकारीहरुलाइ ऋण लगानी गरिएको छ ।

**ख.** केहि कर्जाहरु बिना धितो व्यक्तिगत जमानी शिर्षकमा लगानी गर्ने गरिएको छ ।

**६. श्रम ऐन, २०७४ तथा नियमावली, २०७५ :**

**क.** श्रम ऐन, २०७४को दफा ५३ बमोजिम प्रत्येक श्रमिको आधारभूत पारिश्रमिकको आठ दशमलव तेत्तीस प्रतिशत बराबरको रकम उपदान वापत व्यबस्था गरी निजको नाममा सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्नेमा संस्थामै राखिएको छ । साथै दफा ५४ बमोजिम प्रत्येक श्रमिकको कम्तीमा वार्षिक एक लाख रुपैयाँ बराबरको औषधि उपचार बीमा गराईएको छैन ।

**ख.** श्रम ऐन २०७४ को दफा १०० अनुरुप प्रत्येक प्रतिष्ठानले प्रतिष्ठानमा श्रम ऐन, नियमावली र प्रचलित कानून बमोजिम काम कारबाही भए नभएको सम्बन्धमा तोकिए बमोजिम श्रम अडिट गरी सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो गर्न बाँकी रहेको छ ।

**७. सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ :**

सहकारी प्रवर्द्धन कोषमा रहेको रकम ऐनको दफा ७० बमोजिम सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहेको सहकारी प्रवर्द्धन कोषमा बार्षिक रुपले जम्मा गर्नुपर्नेमा त्यसो गरीएको छैन ।

**८. स्थगन कर खर्च/आम्दानी तथा स्थगन कर सम्पत्ति/दायित्व :**

स्थगन कर सम्पत्ति तथा दायित्वको आधारमा स्थगन गरिएको कर हो । वित्तीय विवरण अनुसारको सम्पत्ति तथा दायित्वको रकम तथा कर आधार बीच फरक भई सृजना हुने कर दायित्व तथा सम्पत्तिको लागत राख्ने उद्देश्यले स्थगन करको लेखांकन गरिएको छ । स्थगन कर सम्पत्ति तथा दायित्व मापन गर्नका लागि जुन बर्षमा अस्थायी अन्तर समायोजन हुन सक्छ सोहि बर्षका लागि ऐनद्वारा लागु भइसकेको करको दर लागु हुने अनुमान गरिएको छ ।
नेपाल लेखा मापदण्ड NAS-12, "Income Tax अनुसार यस बर्षको स्थगन कर सम्पत्ति (Deferred Tax Asset) जम्मा रु. ७९,६३४ देखाईएको छ ।

**९. गैर वैंकिंङ सम्पत्ति**

भाका नाघेर समयमा सांवा, व्याज तथा अन्य तिर्नु पर्ने रकम नतिरेको हुनाले संचालक समितिबाट निर्णय गरी यस संस्थाबाट सम्पूर्ण कानूनी प्रकृया पुरा गरी रु. २३,८७४,९६८ लाई गैर बैकिङ्ग सम्पत्ति अन्तर्गत राखिएको छ । गैर वैंकिङ्ग सम्पत्तिको लागी कुनै जोखिम व्यवस्था गरिएको छैन ।

Chand & Associates Chartered Accountants Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

**१०. निक्षेप संकलन सीमा :**
संस्थाको प्राथमिक पुँजी कोष (शेयर पुँजी, जगेडा कोष र असल ऋण व्यबस्था) रु. ८६,९७७,६६४ रहेकोले निक्षेप संकलन गर्ने सिमा रु. १,३०४,६६४,९७२ रहेको छ । संस्थाले २०७९ आषाढ मसान्त सम्ममा बचत तथा निक्षेप रु. ७४३,८०८,९२५ सङ्कलन गरेकाले संस्थाले सहकारी ऐन, २०७४ परिच्छेद ७ को दफा ५०(७) अनुसारको निक्षेप सङ्कलन सीमा भित्र रही बचत तथा निक्षेप संकलन गरेको छ ।

**११. औषत ब्याज दरको अन्तर :**
यस आर्थिक वर्षमा कर्जा लगानीमा प्राप्त व्याज आम्दानीको औषत बार्षिक दर १४.८८ प्रतिशत र निक्षेपमा प्रदान गरिने व्याजदरको औषत लागत दर बार्षिक १०.५९ प्रतिशत रहन गई औषत व्याजदर अन्तर (Average Spread Rate) ४.३० प्रतिशत रहन गएको छ, जुन सहकारी मापदण्ड अनुरूप कायम गर्नुपर्ने सीमाभित्र रहेको छ ।

**१२. तरलताको कायम :**
संस्थाको नगद, बैंक तथा सहकारी बैंक तथा संघमा रहेको कुल रकम रु. १५५,४३२,४५६ (कुल बचत तथा निक्षेपको २०.९०%) रहेकोले संस्थाले सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन, २०७९को निर्देशन नंम्बर ५(२८) बमोजिमको तरलता (Liquidity) सम्बन्धी व्यवस्थाको पालना गरेको छ ।

**१३. प्रति सदस्य ऋण प्रवाहको सिमा :**
संस्थाको कुल पुँजी कोष रु. ९३,९७७,१२८ रहेकोले प्रति सदस्य ऋण प्रवाह गर्न सक्ने सिमा रु. ९,३९७,७१३ रहेको छ । कर्जा प्रवाह गर्दा सदस्यको आवश्यकतालाई हेरी पुँजीकोषको १० प्रतिशत भन्दा बढी एउटै सदस्यलाई ऋण प्रबाह गरिएकोले संस्थाद्वारा सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन, २०७९को निर्देशन नंम्बर च(१८) बमोजिमको प्रति सदस्य ऋण प्रवाह सिमा व्यवस्थाको पालना गरेको छैन ।

**१४. नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Framework, NFRS) सम्बन्धी :**
संस्थाको वासलातको कुल जम्मा यस आ.व.मा रु. १,०२२,४६५,३५९ र गत आ.व.मा रु. ९९१,०९७,९३३ रहेको तथा Fiduciary Capacity मा जिम्मा लिएको रकम यस आ.व मा रु. ७४३,८०८,९२५ तथा गत आ.व.मा रु. ८८५,११२,९९७ रहेकोले संस्थाले आफ्नो वित्तीय बिवरणहरु तयार पार्दा नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Framework, NFRS) बमोजिम तयार पार्नुपर्नेमा त्यसो गरीएको छैन ।

Chand & Associates
Chartered Accountants
Kathmandu, Nepal

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि.
२०६३

# ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
थँहिटी, काठमाण्डौ, नेपाल ।

**प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु :** **लेखा टिप्पणी २३**

**१५. लेखा विवरण प्रस्तुती :**

**क.** गत वर्षका अंकहरुलाई प्रस्तुत वर्षको अकसँग तुलना हुने गरी आवश्यकता निम्नानुसार पुनर्गठन तथा पुनर्वर्गीकरण गरि प्रस्तुत गरिएको छ ।

| विवरण | यस आ.व. | गत आ.व. | रकम (रु) |
|---|---|---|---|
| आयकर खर्च | कर दायित्व | चालु सम्पत्ती | १,४५७,६६१ |
| टेलिफोन संचार | अन्य दिर्घकालिन सम्पत्ति | चालु सम्पत्ती | ९,००० |
| उदयपुर सिमेन्ट | अन्य दिर्घकालिन सम्पत्ति | चालु सम्पत्ती | १२५,००० |
| हेटौंडा सिमेन्ट | अन्य दिर्घकालिन सम्पत्ति | चालु सम्पत्ती | ५००,००० |
| एसएमएस जम्मा | अन्य दिर्घकालिन सम्पत्ति | चालु सम्पत्ती | १०,००० |
| गैर बैंकिग सम्पत्ति | अन्य दिर्घकालिन सम्पत्ति | चालु सम्पत्ती | ७,८७४,९६८ |
| भाडा र बिजुली आम्दानी | गैह्र सञ्चालन आम्दानी | अन्य आम्दानी | ५९५,२६० |
| वचत ब्याज कर | चालू दायित्व | कर दायित्व | ५३७,०५५ |
| घर भाडा कर | चालू दायित्व | कर दायित्व | १०८,००० |
| मिटिङ्ग कर | चालू दायित्व | कर दायित्व | १६,२०० |
| सामाजिक सुरक्षा कर | चालू दायित्व | कर दायित्व | ३,१३६ |
| पारिश्रमिक कर | चालू दायित्व | कर दायित्व | ९३९ |
| लेखापरीक्षण कर | चालू दायित्व | कर दायित्व | १,६५९ |
| परामर्श कर | चालू दायित्व | कर दायित्व | २,३१९ |

**ख.** अङ्कहरुलाई नजिकको रुपैयाँमा प्रस्तुत गरिएको छ ।

Chand & Associates * Chartered Accountants * Kathmandu, Nepal *

ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. २०६३